# “गोकर्णेश्वर नगर कार्यपालिकाको लागि आर्थिक वर्ष ०७४/०७५ का लागि तय भएका नीति कार्यक्रम ”

गोकर्णेश्वर नगरपालिका पछिल्लो समयमा गठन भएको नयाँ नगरपालिका हो । साविकका ५ वटा गा.वि.स लाई समेटेर बनेको यस नगरपालिकाले **“हाम्रो नगरको सुशासन, गौरव र अस्तित्व - संस्कृति, सरसफाई र विकास निर्माणमा सबैको दायित्व“** भन्ने मुल अभिप्राय लिएको छ । प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण रहेको गोकर्णेश्वर नगरपालिकाको यो ऐतिहासिक प्रथम नगर सभामा आगामी बर्षको आर्थिक वर्ष ०७४/०७५ का लागि तय भएका नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहन्छु निम्न अनुसार छन् ।

गोकर्णेश्वर नगरपालिकाले आ.ब. २०७४।०७५ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको छ ।

- नेपालको संविधान, २०७२ को प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय तथा प्रादेशिक सरकारले अंगिकार गरेको, आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अर्न्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय तह सञ्चालन आदेश, २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरु
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शान, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु
- गोकर्णेश्वर नगरपालिकाले आवश्यक देखेका विविन्न बिषयहरु

**नीति, कार्यक्रम तथा बजेटका प्राथमिकता निर्धारणका आधारहरु**

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान पुर्‍याउने
- सेवा प्रवाह, संस्थागत र सुशासनमा योगदान पुर्‍याउने

- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास, वातावरण संरक्षणर विपद् व्यवस्थापनमा योगदान पुर्याउने
- स्थान विशेषको संस्कृति र पहिचान प्रबर्द्धन गर्ने,
- नगरपालिकाले आवश्यक देखेका विविध बिषयहरु ।

## गोकर्णेश्वर नगरपालिकाले आ.ब.२०७४।०७५ को तय गरेका क्षेत्रगत नीतिहरु

**प्रस्तावना :**

गोकर्णेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ उपधारा २ बमोजिम गोकर्णेश्वर नगरसभाले यो ऐन बनाएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन  २०७४ साल श्रावण १ गते देखि गोकर्णेश्वर नगरपालिकाका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र अनुसूचीमा बमोजिम एकिकृत सम्पत्ति कर /घर जग्गा कर लगाइने र असूलउपर गरिनेछ ।

३. **भुमि करः** (मालपोत) गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र अनुसूचीमा बमोजिम भुमिकर ( मालपोत) लगाइने र असूलउपर गरिनेछ ।

४. **घर वहाल करः** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र कुनै ब्यक्ति वा सस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचीमा बमोजिम घर जग्गाबहाल कर लगाइने र असूल गरिनेछ ।

५. **ब्यवसाय करः** गोकर्णेश्वर नगरपालिकाका क्षेत्र भित्र ब्यापार, ब्यवसाय सेवामा पूजीँगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचीमा बमोजिम ब्यावशाय कर लगाइने र असूलउपर गरिनेछ।

६. **जडिबुटी कवाडी र जीवजन्तु कर:** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलितकानूनले निषेध गरिएको जीवजन्तु वाहेककाअन्य मृत वामारिएकाजीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको ब्यावशायिक कारोवार गरेवापत अनुसूचीमा बमोजिमको कर लगाइने र असूलउपर गरिनेछ ।

७. **सवारी साधन कर:** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचीमा बमोजिम सवारी साधन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचीमा बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर:** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र हुने मनोरञ्जन ब्यवसाय सेवामा अनुसूचीमा बमोजिम ब्यवसाय कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल विटौरी कर:** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचीमा माउल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको ब्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने छ ।

११. **पार्किङ शुल्क:** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएबापत अनुसूचीमा बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कायोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क:** गोकर्णेश्वर नगरपालिकाका क्षेत्रभित्र ट्रेकिङ, कायोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा ब्यवसाय संचालन गरेवापत अनुसूचीमा बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवाशुल्क दस्तुर:** गोकर्णेश्वर नगरपालिकाले निर्माण, संचालन वा ब्यबस्थापन गरेका अनुसूचीमा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा ब्यवस्था भएअनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क:** गोकर्णेश्वर नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रबेश गर्ने पर्यटकहरुबाट अनुसूचीमा उल्लेखित दरमा पर्यटन शूल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गोकर्णेश्वर नगरपालिकाले तोके अनुसार हुने छ ।